स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



८०/९० को दशकमा नेपाली फिल्ममा अभिनेत्री विपना थापाको रजगज थियो । गाउँले र दुःखी चरित्रमा उनी निर्विकल्प जस्तै थिइन् । एक सय बढी फिल्ममा काम गरेकी उनी भारतीय नागरिकसँग विवाह बन्धनमा बाँधिएपछि भने अभिनयबाट टाढा भइन् । सन्तान भएपछि फिल्मसँग उनको दूरी झन् बढ्यो । अब उनी करिब १७ वर्षपछि फिल्म 'ह्रस्व दीर्घ'बाट अभिनयमा पुनरागमन गर्दैछिन् । विपनाले म्यूजिक भिडियोमा पनि काम गर्ने इच्छा देखाएकी छन् ।

**आजको विचार...**



बद्रीप्रसाद दाहाल

संघीय...

(दुई पेजमा)



अघिल्लो वर्ष अभिनेत्री आँचल शर्माका लागि सम्झन लायक रह्यो । अब उनको पखाई र आशा फिल्म 'वर एन्ड वधु'मा छ । तर, छायांकन नै पूरा नभएकाले रिलिज अन्योल छ । गत वर्षको साउनमा रोमानियामा फिल्मको ५० प्रतिशत छायांकन गरिएको थियो । बाँकी ५० प्रतिशत छायांकन भने नेपालमा गर्ने गरी फिल्मको टिम फर्किएको थियो । तर, नेपाल फर्किएको एक वर्ष बित्न लाग्दा समेत फिल्मको बाँकी छायांकन सुरु हुने सुरसार नै देखिएको छैन । गत फागुन १९ गतेलाई फिल्मको प्रदर्शन मिति समेत घोषणा गरिएको थियो ।

❑ वर्ष २८ ❑ अंक २९८ ❑ २०८० जेठ १३ गते शनिबार 27 May 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हत्या आरोपमा सभामुखका छोरा समातिए

(रासस/सिन्ह्वा)

**टोकियो,** जेठ १२/जापानको नागानो प्रिफेक्चरको नाकानो नगरसभाका सभामुख मासामिची आओकीका ३१ वर्षीय जेठा छोरा मसानोरी आओकीलाई दुई प्रहरी अधिकारीसहित चार जनाको हत्या गरेको आरोपमा पक्राउ गरिएको छ ।

सभामुखका छोराले एक महिलालाई छुरा प्रहार तथा दुई जना प्रहरी अधिकारीमाथि गोली हानेर मारेको आरोप लगाइएको छ । निजले अर्की एक महिलाको पनि हत्या गरेको अभियोग लगाइएको छ । क्यामूलाज, टोपी र मास्क लगाएको अभियुक्तले घातक आक्रमण गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । तुलनात्मक रूपमा शान्त जापानमा बन्दुक हिंसाका घटना बिरलै हुने गरेका छन् । गत वर्ष जापानमा बन्दुकसँग सम्बन्धित नौ घटना भएका थिए । ती घटनामा चार जनाको मृत्यु भएको थियो । गत वर्ष पूर्वप्रधानमन्त्री शिन्जो आबेमाथि चुनावी सभामा गोली हानेर हत्या गरिएको थियो ।

# तानसेनमा रोजगार मेला, ३ सय बेरोजगारले दिए आवेदन

## २ सय ९३ जनाको रोजगार सुनिश्चित

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ १२/तानसेनमा रोजगारीको मेला सञ्चालन भएको छ । तानसेन नगरपालिका पाल्पाको आयोजना र स्विस सरकार हेल्भेटासको सहयोगमा बेरोजगारीहरुको लागी तानसेनमा एक दिने बृत्ति विकास तथा रोजगार मेला भएको हो ।





तानसेन नगरपालिका -४ मखनटोल दरवार क्षेत्रमा भएको रोजगार मेलामा उद्योगी, व्यवसायी, विभिन्न संघ संस्थाका २८ वटा स्टलहरुबाट रोजगारी तथा सिपमूलक तालिमको बारेमा जानकारी गराइको थियो । मेलाको लुम्बिनी प्रदेशका पूर्व उर्जा, जलस्रोत तथा सिचाइ मन्त्री एवं प्रदेश सांसद वीरबहादुर रानाले उद्घाटन गरेका हुन् । मेलाको उद्घाटन गर्दै मन्त्री रानाले नगरपालिकाले तानसेन नगर भित्र रहेका बेरोजगार युवाहरुलाई रोजगार मेलाले रोजगारी प्रदान गर्ने तथा आवश्यक सीप तथा प्रविधिमा सहयोग पुग्ने बताए । देशको आर्थिक अवस्था जटिल मोडबाट अगाडि बढेको परिस्थितिमा नगरपालिकाले बेरोजगार युवा र रोजगारदाताहरू बिच समन्वयको काम गर्न रोजगार मेलाको आयोजना गरेकोमा सासंद रानाले खुसी व्यक्त गरे । देशमा लगानीको वातावरण नहुँदासम्म रोजगारीको सिर्जना नहुने बताउँदै लगानीको वातावरण सिर्जना गर्न, युवा शक्तिलाई स्वदेशमा नै स्वरोजगार बनाउन र मुलुकको समृद्धिका लागि देशमा तीन तहको सरकारहरुले यस्ता मेला समय समयमा गर्नुपर्नेमा प्रदेश सांसद रानाले जोड दिए । लुम्बिनी प्रदेश सरकारले "समृद्ध प्रदेश आत्मनिर्भर लुम्बिनी" नाराका साथ काम गर्दै आएको उनले बताए । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले कर्म गर्न खोज्ने युवा शक्तिलाई स्वदेशमै रोजगार तथा स्वरोजगार बनाउन मेलाबाट सहयोग पुग्ने बताए ।

तानसेन नगरपालिकाका उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले क्षमता र सीप भएर बेरोजगार भएका र सीप क्षमता बढाएर रोजगारी गर्न चाहेका दुबै थरी जनशक्तिको लागि रोजगार मेलाबाट समेटिने बताइन् । तानसेन नगरपालिकाले हाल १४ वटा वडाबाट करिब १५ सय युवाहरु विदेशबाट फर्किर स्वदेशमै रोजगारीको चाहाना राखेको नगर उपप्रमुख सिंजालीले बताइन् । हेल्भेटास इनसियोर लुम्बिनी प्रदेश संयोजक निर्मला मैनालीले हाल ३५ लाख युवाहरू बैदेशिक रोजगारमा रहेको र सन २०२२ मा विदेशबाट करिब ११ खर्ब रेमिटान्स भित्रिएको बताईन् । संस्थाले लुम्बिनी प्रदेशमा ५ हजार युवालाई रोजगार तथा स्वरोजगार बनाउने उद्देश्य लिएर प्रदेशका ११ वटा नगरपालिकामा काम गर्दै आएको मैनालीले बताइन् । होटल तथा रेष्टुरेन्ट व्यवस्थायी संघ पाल्पाका अध्यक्ष मोहन श्रेष्ठ, नेपाल पत्रकार महासंघका उपाध्यक्ष भरत शर्माले मेलाले रोजगार लिने र दिने दुवैपक्षलाई फाईदा पुगेको बताए । कार्यक्रम रोजगार मेला उपसमितिका संयोजक प्रदीप खनालले मेलाको उद्देश्य, अवधारण, हालको अवस्था बारे जानकारी गराएका थिए । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोष लाल श्रेष्ठको अध्यक्षता र विन्दु थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

रोजगार मेलामा ३ सय बेरोजगारले आवेदन दिएका छन् । जसमा २ सय ९३ जानाको रोजगार सुनिश्चित भएको तानसेन नगरपालिकाकी शिक्षा शाखा प्रमुख कपिला न्यौपानेले बताइन् । उनका अनुसार १ सय ४५ जनाले सीप सिक्नका लागि आवेदन दिएका छन् । भवन तथा बाटो निर्माणकर्मी संघले १ सय जना दक्ष र १ सय अर्धदक्ष गरी २ सय जना कामदार माग गरेकोमा ८ जनाले मात्र फारम भरेका छन् भने पालपाली ढाका संघलाई ४० जना कामदार चाहिएकोमा ५ जनाले मात्र कामको लागि आवेदन दिएका छन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) तानसेनको स्टलमा विभिन्न विद्यालयबाट ४ जनाको माग भएकोमा ४५ जनाले फारम भरेको प्याब्सन नगर अध्यक्ष गंगाबहादुर खत्रीले बताए । यसैगरी पाल्पा होटल तथा रेष्टुरेष्टका लागि ४० जना दक्ष कामदार चाहिएकोमा १८ जनाले फारम भरेका छन् । दुबै पक्षको सहमतिमा १८ जनाले चाहेको समयमा काम पाउने संघले जनाएको छ । पाल्पा व्यापार संघमा रोजगारीको लागि ८ जनाले फारम भरेका छन् । हाम्रो जब लिंकमा २८ जनाले रोजगारीको लागि र ४ जनाले सिप सिक्न आवेदन दिएका छन् । हाम्रो जव लिंकले आवेदन दिएका व्यक्तिहरुको रोजगारी सुनिश्चित गरेको जनाएको छ । नेपाल व्युटिसियनमा ५ जनाले सिप सिक्न आवेदन दिएका छन् । यस्तै नाटा पाल्पाले ३ जना, पाल्पा होजियारीले ३ जना, पाल्पा उद्योग वाणिज्य संघले १० जना माग गरेको छ । मेलामा जिल्लाका विभिन्न विद्यालयका विद्यार्थीहरुले निर्माण गरेका घर, विद्यालय, डोजर जस्ता सामग्रीहरु प्रदर्शन गरिएको थियो । २ हजार ५ सयले मेला अवलोकन गरेका थिए ।

## आज तानसेनमा 'महिनावारी मेला' हुँदै



**पाल्पा,** जेठ १२/जिल्लाको तानसेनमा आज महिनावारी मेला हुन लागेको छ । रोट्र्याक्ट क्लब अफ पाल्पा लुम्बिनीले महिनावारी दिवसको अवसर पारेर साताव्यापी कार्यक्रम अन्तर्गत शनिबार तानसेनको टुँडिखेलमा महिनावारी मेला आयोजना गर्न लागेको हो ।

महिनावारी प्रतिको अनविज्ञतालाई हटाउने उद्देश्यले मेला आयोजना गर्न लागिएको क्लवकी पब्लिक रिलेसन अफिसर स्नेहा बस्नेतले बताइन् । महिनावारी हुनु भनेको एउटा प्राकृतिक प्रक्रिया हो । यसलाई केवल एक सरल जैविक प्रक्रिया नभई जटिल सामाजिक, सांस्कृतिक, पारम्परिक र सामाजिक वर्गीकरणको कारण बनेको छ । महिनावारीसँग जोडिएको सामाजिक लाञ्छनाले गर्दा रजस्वलाको बेला प्रयोग गरिने प्याडलगायत अन्य साधनबारे महिलाले खुलेर बोल्न सकेका छैनन् । यसले गर्दा महिनावारीको साधनमा सर्वसुलभ पहुँचको अभावले पनि रजस्वलाको अनुभव, स्वास्थ्य र महिलाको स्वाभिमानलाई प्रतिकूल प्रभाव पारेको छ । प्राकृतिक प्रक्रियाबारे ग्रामीण क्षेत्रमा नकारात्मक सोच र भ्रम समेत छन् । रजस्वला सम्बन्धीकै गलत धारणा र अन्धविश्वास चिर्नका लागि मेला आयोजना गरेको बस्नेतले एनजेडीलाई बताइन् । उनले भनिन् 'मेलामा प्रजनन् स्वास्थ्य, सरसफाइ र महिनावारीमा आवश्यक खानपिनको विषयमा विस्तृत जानकारी दिनुको साथै पुनः प्रयोग गर्न मिल्ने प्याडबारे स्थानीयलाई सचेत गराईने, प्याडको प्रयोग र फाइदाका विषयमा समेत ज्ञान प्रदान गरिने छ ।' बस्नेतले तानसेनवासी सम्पूर्ण दिदी बहिनी, विद्यार्थीहरुलाई मेलामा आउन आग्रह समेत गरेकी छन् । उनका अनुसार क्लवले मे २२ देखि साताव्यापी रुपमा महिनावारी सप्ताह मनाउँदै आएको छ । सप्ताह कार्यक्रम अन्तर्गत सरस्वती मावि र पोलस्टार, विस्डम माविमा अध्ययनरत विद्यार्थीहरुलाई महिनावारीका बारेमा जानकारी गराउनुको साथै प्याडको प्रयोग र निर्माण गर्ने तरिका सिकाइएको थियो । यस्तै क्लवले आमसमूहमा आवद्ध महिला दिदी बहिनी तथा आमाहरुलाई गर्भ अवस्थाका बारेमा पनि जानकारी गराएको थियो । मेलाको सम्पूर्ण तयारी पुरा भएको क्लवले जनाएको छ । मेला विहान १० बजेदेखि ५ बजेसम्म हुने जनाइएको छ । मेलामा नाँच गान, विभिन्न सन्देशमूलक प्रचारको स्टल, कला, कविता प्रतियोगिता समेत रहने छ ।

### सरकारलाई गुल्मी काँग्रेसले भन्यो

## 'सांसद भण्डारीका माग बजेटमा समावेश गर'

**गुल्मी,** जेठ १२/नेपाली काँग्रेस गुल्मीले प्रतिनिधि सभाका सांसद् डा.चन्द्र भण्डारीले जेठ १० गते संसदमा बोलेका कुराहरुलाई आगामी वर्षको नीति, बजेट तथा कार्यक्रममा समावेश गर्न सरकारलाई आग्रह गरेको छ ।



काँग्रेस जिल्ला कार्यसमितिको नवौं बैंठकले गुल्मी क्षेत्र १ का सांसद समेत रहेका डा.भण्डारी जलनमा परी घाईते भएको चार महिनापछि स्वास्थ्यलाभ गरी पहिलो पटक संसद्मा आफै उपस्थित भई नेपालीको आवश्यकता, भावना र मर्म छुने गरी दिएका अभिव्यक्तिहरुलाई सरकारले नीति, बजेट तथा कार्यक्रममा समावेश गर्न आग्रह गरेको हो । गत बुधबारको संसद्मा डा. भण्डारीले उच्चस्तरीय जलन अस्पताल बनाउन सरकारसँग आग्रह गरेका थिए । उनले जलनसम्बन्धी समस्या भएका मानिसहरूका लागि उच्चस्तरीय जलन अस्पताल आवश्यकता रहेको औल्याउदै सभामुखमार्फत सरकारलाई अस्पताल निर्माणका लागि आग्रह गरेको विषयलाई सरकारले गम्भीरताका साथ दिई नीति, बजेट तथा कार्यक्रममा समावेश गर्न बैठकमार्फत सरकारलाई आग्रह गर्ने निर्णय गरिएको पार्टी सचिव भगतसिंह खड्काले जानकारी दिए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनतालाई राहत दिने बजेट ल्याऊ

सरकारले जेठ १५ मा आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट ल्याउँदै छ । विगतमा जस्तै सरकारले यसपटक पनि नीति तथा कार्यक्रम संसदमा पेश गरी छलफल गरिरहेको छ । छलफल पछि जेठ १५ मा बजेट, नीति तथा कार्यक्रम आउने छ । अब आउने बजेट कस्तो होला भनि सर्वत्र चासो समेत बढेको छ । अहिलेको अवस्थामा बजेटप्रति चासो बढ्नु स्वाभाविक हो । किन भने देश आर्थिक रुपमा निकै कमजोर भएको छ । मुलुकमा मंहगी अत्यन्त बढेको छ । सरकारको ढुकुटी रित्तिएको छ । कर्मचारीको तलब भत्ता खुवाउन पनि आन्तरिक ऋण लिनुपरेको छ । बजारमा वस्तु तथा सेवाको माग छैन, उपभोग घटेकाले उत्पादन ठप्प छ । यस्तो अवस्थामा सरकारले ल्याउने बजेटप्रति धेरैले चासो देखाएका छन् । सरकारले यी सम्पूर्ण समस्या समाधान गर्ने गरी बजेट ल्याओस् भन्ने धेरैको चाहाना छ ।

हरेक अर्थमन्त्रीले ल्याउने बजेट आकारमा ठूलो, लक्ष्य भेट्न मुस्किल हुने अनि झोले र टुक्रे कार्यक्रममा कनिका छर्ने अनि महत्वाकांक्षी योजना ल्याउने तर कार्यान्वयन गर्न नसक्ने खालका आउने गर्छन् । कतै अहिले पनि सरकारले तिनै कुरालाई निरन्तरता त दिने होइन भन्ने शंका उत्पन्न हुने गरेको छ । अहिलेको अवस्थामा सरकारले यस्ता विषयलाई भन्दा पनि आम नागरिकलाई प्रत्यक्ष राहत दिने गरी बजेट, नीति तथा कार्यक्रम ल्याउनुपर्छ । लामो समयको कोरोना महामारीका कारण समस्यामा परेका नागरिक महँगीका कारण थप पीडामा छन् । यस्तो अवस्थामा सरकारले नागरिकको पीडालाई जसै गरे पनि सम्बोधन गर्न आवश्यक छ । सरकारले ल्याउने बजेट यथार्थपरक हुनु पर्छ । किनभने लोकप्रिय बजेट ल्याउने इच्छा सबैलाई हुन्छ । लोकप्रिय बजेटमा कनिका धेरै छरिन्छ । थैली नहेरी रकम बाँडिन्छ । तर यो गलत हो । सरकार जनताको अभिभावक हो । अहिलेको अवस्थामा सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ । यो सरकारबाट आम नागरिकले त्यति ठूलो अपेक्षा नगरे पनि आगामी बजेटमा आम नागरिकलाई राहत दिने गरी ल्याउन सकोस् ।

## Opinion @ Social Network

आसुको खासै तौल त हुँदैन तर पनि यो निस्केपछि हृदय हलुका हुन्छ ।
जब हलुका हुन्छ नि तब अनुहारमा मिठो मुस्कन आउछ ।।


*(एलिना गाहा मगरको फेसबुक स्टाटसबाट www.facebook.com/alinagaha.magar.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीय लोकतान्त्रिक गणतन्त्रका ऐँजेरू मासौँ !



**बद्रीप्रसाद दाहाल**

*संघीयताको सफल कार्यान्वयन भएका देशहरूमा क्यानडा, अर्जेटिना, रसिया, अष्ट्रेलिया, ब्राजिल, भारत आदि पर्दछन् भने केही देशहरू असफल पनि बन्न पुगेका छन् र कतिपय परीक्षणबाट गुज्रिरहेका छन् । सामान्यतया गण वा समूहको शासन हो गणतन्त्र । शब्दकोशीय नजरमा जहर नपिलाई भन्नुपर्दा देशको शासन प्रणाली स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै जनताद्वारा निर्वाचित प्रतिनिधिबाट सञ्चालन हुने राजनीतिक परिपाटी हो गणतन्त्र जसलाई अर्को शब्दमा जनतन्त्र पनि भनिन्छ । त्यस्तै लोकतन्त्र भनेको बहुसंख्यक नागरिकद्वारा छानिएका प्रतिनिधिहरूको सम्मतिअनुसार देशको शासन व्यवस्था चल्ने र नीतिनिर्धारण हुने शासन प्रणाली वा प्रजातान्त्रिक व्यवस्था हो ।*

संसारमा उत्तमोत्तम वा राम्रोभन्दा अति राम्रो भनिने वस्तु, प्रणाली, वा अविष्कारहरू पनि सही समय र ढंगमा प्रयोगमा आउन नसक्दा निकम्मा बन्न पुग्दछन् । जन्मसितै मृत्यु सर्वसत्य भएजस्तै नाशवान् जगत्मा सबै कुरा परिवर्तनशील छन् । रूख हुर्कंदै गर्दा रुखको कापमा उम्रने लहरा वा बोटले वृक्षको विकासलाई अलमल्याउने कोशिस गर्दछ । शरीरधारी जीवमा पनि शारीरिक कुरूपता थप्न फुकुन्डाहरू उठेर रोगैको राजकाज चलाउँछन् । यही कुरालाई हामी ऐजरु, ऐँजेरू भन्दछौँ । यस्तो तत्वले जीवधारीदेखि सबै यन्त्र, प्रणाली, वस्तुहरूको उन्नति र गतिशीलतामा प्रभाव पार्दछ । नेपालको संविधान २०७२ अनुसार यतिखेर हामी संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक पद्धतिको अभ्यासमा छौं । पन्ध्र वर्षको किशोर अवस्था पार गर्नै लागेको नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि विभिन्न खाले ऐँजरुहरू उम्रिएर झांगिँदै यसलाई क्षतविक्षत पार्ने कसरत सुरु हुनु नेपाल र नेपालीको दुर्भाग्यको प्रारम्भ हो । 'संघीयता' भन्नाले केन्द्रमा मात्र रहेको शक्तिलाई तल्लो निकायसम्म पुऱ्याउने अभियान हो वास्तवमा विगतमा भनिएको विकेन्द्रीकरणकै अर्को अनुहार हो संघीयता । सरकारको शक्ति र जिम्मेदारीलाई केन्द्रीय प्रदेश र स्थानीय स्तरमा बेग्लाबेग्लै बाँड्ने पद्धति हो संघीयता । कतिपयको दृष्किोणमा राज्यसत्ता र सार्वभौमसत्ताको समेत विभाजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई समाहित गराउने राजनीतिक प्रक्रिया हो यो ।

केही विश्लेषकको भाष्यमा देशको बहुजातीय, बहुभाषीय र बहुसांस्कृतिक तनावको सिथिलीकरण गर्ने राजनीतिक औजार हो पनि भन्छन् संघीयता । विश्वमा यतिखेर दुई सयभन्दा बढी देशहरू छन्, तीमध्ये हाल नेपालसहित तीसभन्दा बढी देशहरूमा संघीय प्रणाली अपनाइएको छ । संघीयताको सफल कार्यान्वयन भएका देशहरूमा क्यानडा, अर्जेटिना, रसिया, अष्ट्रेलिया, ब्राजिल, भारत आदि पर्दछन् भने केही देशहरू असफल पनि बन्न पुगेका छन् र कतिपय परीक्षणबाट गुज्रिरहेका छन् । सामान्यतया गण वा समूहको शासन हो गणतन्त्र । शब्दकोशीय नजरमा जहर नपिलाई भन्नुपर्दा देशको शासन प्रणाली स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै जनताद्वारा निर्वाचित प्रतिनिधिबाट सञ्चालन हुने राजनीतिक परिपाटी हो गणतन्त्र जसलाई अर्को शब्दमा जनतन्त्र पनि भनिन्छ । त्यस्तै लोकतन्त्र भनेको बहुसंख्यक नागरिकद्वारा छानिएका प्रतिनिधिहरूको सम्मतिअनुसार देशको शासन व्यवस्था चल्ने र नीतिनिर्धारण हुने शासन प्रणाली वा प्रजातान्त्रिक व्यवस्था हो । जनताको हितार्थ जनताबाट चुनिएका प्रतिनिधिले इमानदारीपूर्वक जनसेवक बनेर चलाउने शासन हो लोकतन्त्र वा जनतन्त्र । २०६५ जेठ १५ गतेपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश हुन गयो । वास्तवमा राजारानीविहीन लोकतन्त्र र गणतन्त्रमा धेरै फासला छैन । कांग्रेससहित मूलधारका एमाले माओवादीलगायत दलहरूका राजनीतिक आस्थालाई मुखरित गराउन नेपालको यो नयाँ व्यवस्थालाई संघीय लोकतान्त्रिक गणतन्त्रको त्रिभुजीय जामा पहिऱ्याएको हो । २०७२ को नेपालको संविधान निर्माण गर्न नेपालले दुई-दुई पटक त संविधानसभा बनाउनु पऱ्यो जसले नेपालको खबौं धनराशि खर्च भयो । २७ भाग, ३०२ धारा, ९ अनुसूचीमा आबद्ध हालको नेपालको संविधान लचिलो र गतिशील पनि छ, किनकि संसद्को दुई तिहाइ बहुमतबाटै संविधान परिष्कार तथा परिमार्जन गर्न सकिन्छ । सात प्रदेश, सातसय चवालीस पालिकाहरू निर्माण गरेर सैद्धान्तिक रूपमा संघीयतालाई आत्मसात वा अंगीकार गरेको संविधान छ । शासनप्रणालीको हकमा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री रहने संसदीय प्रणाली अपनाइएको छ । त्यस्तै प्रतिनिधिसभाको दुई सदनात्मक रूप छ, जसमा प्रत्यक्ष निर्वाचित प्रतिनिधि १६५ र समानुपातिक ११० गरी जम्मा २७५ को संघीय संसद बनेको छ । माथिल्लो राष्ट्रियसभामा प्रदेशको न्यायोचित प्रतिनिधित्व, व्यवस्थापकीय शक्तिसन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलन समेतलाई सम्बोधन गर्न राष्ट्रियसभाको व्यवस्था भएको हो । सीमान्तकृत, लोपोन्मुख समुदायको पनि शासन व्यवस्थामा सहभागिता गराउने उद्देश्य राखी दुई सदनको परिकल्पना भएको हो । त्यसैगरी प्रदेश तहको संसदएक सदनात्मक छ । सभामा कूल सांसद ५५० जसमा प्रत्यक्षतर्फबाट ६० प्रतिशत र समानुपातिकतर्फको कोटामा ४० प्रतिशतको व्यवस्था गरिएको छ । २३८ वर्ष लामो शाहवंशीय राजतन्त्र हर कोणबाट अक्षम ठम्याएर दशकौंको जनक्रान्ति, संघर्ष र आन्दोलनबाट यो व्यवस्था ल्याइयो । किशोर वय पार गर्नै लाग्दा 'संघीय लोकतान्त्रिक गणतन्त्र'लाई विभिन्न कालखण्डका सत्तासीन राजनीतिक अभिकर्ता र यहाँको नौकरशाहीतन्त्रले यो व्यवस्थालाई प्रतिकूल हुने हर्कतहरू गर्दै आए जुन भ्रष्ट काण्डहरू सर्वत्र चर्चा र निन्दाको विषय बन्न पुगेको छ । जुन काण्डहरूका फोहरहरू नै यतिखेर ऐँजेरु भएका छन् । त्यसैले व्यवस्था अर्थात् नयाँ संघीय प्रणालीमा घनघोर सेप भएर लोकतान्त्रिक गणतन्त्रको फुस्सा सवित हुन्छ कि भनेर डराइमर्नु भएको छ । नेपालको संविधानको प्रस्तावनाको यो सुन्दर लिखतसित हाम्रा शासक प्रशासकका आचरण र व्यवहार आकाशपातालको फरक परेरै देश आज यो हबिगतमा भासियो । प्रस्तावनाको एक अंश 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्तन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका एवं कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध समृद्ध राष्ट्र निर्माण गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न यो संविधान जारी गर्दछौं' । यति मीठा शब्दलालित्य, मार्मिक र भावुक अभिलेख जनमुखी हुननसक्नु प्रणालीमा ऐँजरु लाग्नु नै हो । हजारौं सहिदहरूले प्राणोत्सर्ग गरी रचेको सुन्दर इतिहासको गौरवको गाथा आज किन केही हैकमी र स्वेच्छाचारीहरूले निकृष्ट काण्ड रचेर शिरोच्छेदन गर्दैछन् के यो विडम्बनाको विषय होइन ? नेपालमा भएका भ्रष्टाचार काण्डहरू सीमातीत अवस्थामा पुगेर मानव तस्करीसम्मको आततायी र सुन्नै नसकिने घटना यतिखेर घृणापूर्ण परिचर्चाको विषय बनेको छ । सदाचारहीन शासक प्रशासकहरूको बिगबिगीले भ्रष्टाचारले नयाँ आयाम थपेको छ । काण्डै काण्डले थिलथिलिएको हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्र प्रतिनिधिको रूपमा आएर पशुनीति चलाउनेहरूबाट हायलकायल छ । वनकाण्ड, सुडान घोटाला काण्ड, लाउडा, चेजएयर, धमिजा, चाइना साउथएष्ट, विभिन्न समयका सुनकाण्ड, प्रिन्टिङ प्रेस सेक्युरिटी काण्ड, सम्झौताका नाममा भएका भू तथा नदी काण्ड, माओवादी शिविरको घोटाला पर्व, यती, ओम्नी, बालुवाटार ललितानिवास काण्ड र यतिखेर आएर विश्वभर बदनाम हुने भूटानी शरणार्थी काण्डले नेपालको गौरवलाई रौरवमा फसाएको छ । हाम्रो परराष्ट्रनीति दिशाविहीन बन्न पुगेर पूरै नांगिएको छ । जनप्रतिनिधिहरू केही अपवादबाहेक सबै जोगी हुन राजनीति गर्ने हो र ? को प्रश्न तेर्स्याएर अप्रत्यक्ष एवं खुलम्खुला लुटको धन्दामा अभ्यस्त हुन थाले । भोगवादी निकृष्ट चिन्तनले राजनीतिमा विचार, सिद्धान्त आदर्शलाई किनारा लगाइँदै छ । जसरी जो जोसित गठजोड गरेर चुनाव जित्ने र मनग्गे लुट्ने कुचिन्तनले ग्रस्तहरूको मर्कट राज्यको तमासा जनता टुलुटुलु हेरेर बस्न बाध्य छन् ।

बेरोजगारी, गुणस्तरहीन शिक्षा, कुशासन, अपारदर्शिता, उत्पादमुखी कृषि प्रणालीको अभाव, देशमा उत्पादित वस्तुले बजार नपाउने, नब्बे प्रतिशत आयातमा रमाएर देशलाई डेरामा परिणत गर्ने आदि दुकृत्यले क्रोनिककै रूपमा ऐँजरुहरू झांगिएर संघीय लोकतान्त्रिक किशोर गणतन्त्रै विक्षिप्त छ देशको अर्थतन्त्रै कोमामा प्राणवायु लिएर बसेको व्यथित दृश्यले जनता निराश र आक्रोशमा छन् । विगत वर्षको देशको कूल बजेट पन्ध्र खर्बमा आठ खर्बभन्दा बढी बेरुजु देखिनु भनेको सत्ताधारी, त्यसका अनुचर र सदाचारहीन प्रशासनिक यन्त्रका अगस्तिहरूकै कैफियत होइन र ? आज संघीय प्रणाली नेपालजस्तो देशका लागि सेतो हात्ती बन्यो भनेर त्यसै कोकोहोलो मच्चिएको होइन । जनताको शासन स्थापित गर्न क्रान्तिमा होमिएका नायकहरू नै ठगी, कीर्ते र मानव तस्करमा आरोपित हुने दुर्दशाले यो दिवसको औचित्यतालाई औँलो ठड्याएको छ । संविधानविद् वरिष्ठ अधिवक्ता भीमार्जुन आचार्यको शब्द सापटी लिएर भन्नुपर्दा 'संघीयता नराम्रो होइन तर असल शासक नहुँदा हाम्रो दुर्दशा हुन गएको हो' । साँच्चै यो प्रणालीलाई चुस्त दुरुस्त बनाउने हो भने एकपल्ट विभिन्न कालखण्डका शासकप्रशासकले आफूले गरेको गल्तीबापत दण्डित हुन तयार हुनुपर्छ । नयाँ शिराबाट देशको राजनीतिक यात्रा मार्च गर्न निर्मम बन्न अनिवार्य छ । नेता र प्रशासक धनी र जनता हरिकंगाल बनाउने परिपाटी जनता चाहँदैन । गणतन्त्र दिवसको उत्सव भर्दा सबैले प्रण गरौं विसंगति, विकृति र अव्यवस्थाका ऐँजेरुहरू समाप्त पार्न तयार बनौँ । पन्ध्रौँ गणतन्त्र दिवसले कानुनीराजमा सुशासनको थालनी व्यावहारिक रूपमा अनुभूति गराओस् । अस्तु ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । | **तुला** : आफन्तसँग भेटघाट हुनेछ । आज शुभारम्भको चर्चा चल्नेछ । |
| **वृष** : नियमित खर्चसमेत बढ्ने योग छ । सहकर्मीबाट विरोध आउन सक्छ । | **वृश्चिक** : भूमिबाट लाभ रहला । साथीभाइले पनि सहयोग जुटाउनेछन् । |
| **मिथुन** : आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला । | **धनु** : महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **कर्कट** : ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक क्षेत्रमा राम्रै सफलता मिल्नेछ । | **मकर** : आँटेको काम पुरा हुनेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **सिंह** : लाभदायक यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **कुम्भ** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **कन्या** : स्वास्थ्यमा खर्च बढ्नेछ । सानो तिनो समस्यामा अल्झनुपर्नेछ । | **मीन** : तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । |

# साहित्य दर्पण

कथा — शैलेश भट्टराई

## अधोगामी नमस्कार



'सर नमस्कार' मैले विनम्रतापूर्वक दशऔंला जोडी नमस्कार गरेँ । उनले हात जोड्ने त परको कुरा नमस्कार शब्द पनि उच्चारण नगरी यत्रा-यत्रा आँखा फुकालेर हेरे । अनि टाउको हल्का तल-माथि हल्लाए । मलाई लाग्यो- सरकारी कार्यालयमा नमस्कारको रेस्पोन्स यसरी नै गरिन्छ । यसभन्दा अघि मैले सेवाग्राहीको रूपमा सरकारी अफिस जाँदाका क्षण मनमनै सम्झिएँ । नमस्कार फर्काउनु त धेरै टाढाको कुरा रेस्पोन्सरहित वातावरणको अवस्था देखेको छु । रेस्पोन्स नै गर्नुपरे पनि यस्तै रेस्पोन्स कैयौंपल्ट भोगेको छु । तर आज त म मैलोधैलो, रालेसिंगाने, निरक्षर सेवाग्राही थिइनँ । राजपत्र अनंकितै भए पनि सुकिलोमुकिलो शिक्षित कर्मचारी थिएँ- त्यो पनि आरक्षणमा होइन खुल्ला प्रतिस्पर्धामा लोकसेवा उत्तीर्ण कर्मचारी । त्यसैले कर्मचारीको हैसियतमा पहिलोपल्ट यस्तो रेस्पोन्स् भोग्दैछु । कोठामा उनी नितान्त एक्ला थिए तर व्यस्त थिएनर्न कुर्सीमा उपरखुट्टी लगाएर कुनै म्यागेजिन हेरेर बसेका थिए । एकछिन अघि भर्खर चुरोट तानिसकेका हुँदा हुन् । डुङ्डुङ्ती गन्हाएको चुरोटको दुर्गन्धले यसै भन्थ्यो ।

ठ्याक्कै मेरो पछाडि सोफा थियो । सोफा भनेपछि पक्कै बस्ने नै सोफा थियो । म सरक्क बसेँ । म बसेको सानो आवाज पनि मतिर नहेरिकनै उनले सुने । श्रवणशक्ति दह्रै रहेछ जस्तो लाग्यो । म बस्नासाथ उनी आफ्नो कुर्सीबाट मेरो तौलले उत्तोलन गरे जसरी जुरुक्कै उठे । अनि तुरुन्तै थर्काए, 'मैले बस्नुस् भनेँ तपाईंलाई ?' वास्तवमा उनले बस्नुस् भनेकै थिएनन् । म आफैं जान्ने भएर बसेको थिएँ । 'बोल्न पाएँ भन्दैमा प्याच्च नबोल्नुह बस्न पाएँ भन्दैमा थ्याच्च नबस्नु' बुढापाकाको आहान मनमनै सम्झिएँ । त्यतिखेर चाहिं मलाई बस्नु अघि 'बसौं?' भनेर एकपटक अनुमति लिनुपर्ने रै'छ भन्ने बोध भयो । म अवाक् भएँ । कुशासनको मुहान त यही कोठा हो कि जस्तो लाग्यो । उनले थर्काउनासाथ म तुरुन्तै उठेँ । म उठ्नासाथ उनी फेरि मेरो तौलबाट मुक्त भए जसरी थ्याच्चै बसे । घुम्ने मेचमा बसेर एक फन्को मारे । मैले भूपीको प्रख्यात कविता 'घुम्ने मेचमाथि अन्धो मान्छे' सम्झिएँ । एकैछिनपछि उनले ठाडो मिजासमा सोधे- 'घर काँ ?' मेरो नियुक्ति पत्र उनलाई दिइसकेको थिएँ । त्यसमा मेरो नाम, ठेगाना सबै लेखिएको थियो । तर त्यसमा पढ्ने कष्ट नगरी मलाई 'घर कहाँ?' भनेर सोध्नुको कुनै औचित्य थिएन । उनको मिजास हेर्दा त कड्केर 'त्यहीँ छ, पढ्नु न' भनूँ कि जस्तो पनि लागेको थियो तर डर लाग्यो । अनि एकै शब्दमा अलिकति ठाडै शैलीमा भनेँ- 'मुड्केचुला ।' उनी कहिल्यै हाँस्न नपाएको जसरी हाँसे । लाग्यो उनी त्यो कुर्सीमा मेरो खिसी गर्न बसेका छन् । बुताले भ्याएसम्म मेरो हुर्मत लिन उद्यत छन् । अनि हाँस्न छोडेर भने, 'त्यस्तो पनि ठाउँको नाम हुन्छ ?' मान्छेको नाम-थर, ठाउँको नाम जे पनि हुनसक्छ नि ! खिसी गर्ने विषय कम्तीमा यी हुन्नन् । सामान्य ज्ञानका बडे-बडे ठेली छिचोलेका उनमा यत्ति सामान्य ज्ञान चाहिं रहेनछ । मलाई उनको च्याम्बरको बाहिर बडे-बडे अक्षरमा 'ई.फलानो भित्र-बाहिर' लेखिएको बोर्डमा उनको जे नाम, थर थियो त्यसको पनि धीत मरूञ्जेल मजाक उडाउँ कि जस्तो लाग्यो । तर आँट आएन । मनमनै दबाएँ । 'हुन्छ नि हजुर । यो डोल्पा जिल्लाको एउटा गाउँपालिका हो ।' यो बाहेक केही भन्न सकिनँ । म उभिएको उभियै छु । मेरो पक्षमा 'बसौं' भन्ने शब्द उनले उच्चारण गर्न जानेकै छैनन् । एकछिनपछि चिया आइपुग्यो । चिया मेरो लागि थिएन । नि:सन्देह अपेक्षा पनि थिएन । जसले बसौं त भनेको छैन, स्वतस्फूर्त बस्दा समेत अपमानपूर्पक उठाएको छ, ऊबाट चियाको अपेक्षा राजा महेन्द्रबाट लोकतन्त्रको अपेक्षा जस्तै थियो । सभ्यता र संस्कार कुन चराका पखेटा हुन् त्यो उनलाई पत्तै थिएन जस्तो लाग्यो । उनी भने आफ्नो कुर्सीमा उपरखुट्टी मुद्रामा विराजमान छन् । चिउँडोमुनिको हड्डीविहीन अर्को लघुचिउँडोमा बुढी औंला र चोर औंलाले स्पर्श गर्दै आँखाले सिलिङतिर हेरे । एकदमै सोचमग्न जस्ता देखिए । तर मलाई बस्ने आदेश प्राप्त भएन । एकछिन पछि के के न तत्त्वज्ञान प्राप्त गरे झैं गरेर- 'ल जानुस् मैले तोक लगाइदिएको छु । आजैबाट हाजिर गर्नुस्' भन्दै त्यहाँबाट मलाई विदा दिए ।

लोकसेवाको त्यत्रो कठिन परीक्षा पास गरेर आएको मलाई उनकै तोकादेशमा जागिर लगाइदिए जसरी निर्देश गरे । यसपछि म त्यहाँबाट लुरुक्क परेर रातो मुख लगाएर खडे खडे विदा भएँ । त्यही दिनबाट हाजिर गरेर जागिर खान सुरू गरें । करिब तीन महिना भित्रमा अफिस चिनें । कर्मचारी चिनें । हाकिम चिनें । हाकिमका हाकिम चिनें । भित्री हाकिम, बाहिरी हाकिम, डिफ्याक्टो हाकिम, डिजुरे हाकिम सब चिनें । बिचौलिया, घिचौलिया, थिचौलिया चिनें । र, सबैभन्दा महत्वपूर्ण कुरा सुशासनका विषाणु चिनें । र ढिला नगरी 'विषाणुदल'को सदस्यता लिएँ । यसपछि मैले बुझें जागिर खाने सक्कली लाइसेन्स भनेको 'विषाणुदल'को सदस्यता नै रहेछ । नियुक्ति पत्र बुझेपछिको सबैभन्दा महत्त्वपूर्ण खुड्किलो यो नै रहेछ । यो लाइसेन्स नलिई जागिर खानु भनेको नाङ्गेझार चोमोलोङ्मा चढ्नु जस्तै रहेछ । 'विषाणुदल'को सदस्य भएपछि हाकिमसामु अब श्रद्धाहीन शाब्दिक नमस्कारमा म सीमित भएँ । नत्र त्यत्रो दलको सदस्य भएको के सार ! हाम्रा अड्डाहरूमा हुने अधिकांश नमस्कारमा श्रद्धाभाव र अभिवादनभावको अंश हुँदैहुँदैन तैपनि यस्तो स्वार्थी, कपटपूर्ण, करलाग्दी र यान्त्रिक नमस्कार नगरेकोमा कतिपय रिसाउँछन् भने कतिपय यस्तो यान्त्रिक नमस्कार खान पाउँदा मख्ख पर्छन् । उनको वरपर भुम्मिइरहने परिक्रमाकारीहरूको नमस्कार गर्ने शैली देखेर नमस्कारपछि 'हजूर' लाउने र ढाड झुकाउने काम चाकडीको एक कडी रहेछ भन्ने बोध भयो । 'मनमा श्रद्धाभाव छैन, आदरभाव छैन भने दशऔंला किन जोडिरहनुपर्‍यो' भन्ने भयो । मेरा दशऔंला पनि जोडिन मानेनन् । त्यतिखेरसम्ममा उनका आन्द्राभुँडी मेरा हातका औंला औंलाले समेत थाहा पाइसकेका थिए । त्यसैले न हात अघि सर्‍यो न औंला । केही महिनापछि नियतिको खेल भनौं वा 'विषाणुदल'को उपहार भनौं उनी र म साथी-साथी जस्ता भयौं । सुरुमा ठाडो नामले मलाई बोलाउने मिजासका हाकिमसाप म 'विषाणुदल'को त्यस कार्यालयको कमिटीको उपाध्यक्ष भएकै दिनदेखि मेरो नामको पछाडि 'जी' थपेर बोलाउन थाले । विषाणुदलको अधिवेशनमा म केन्द्रीय महासचिवमा निर्वाचित भएपछि उनले मेरो नामको पछाडिको 'जी' पनि निलम्बन गरे । जीको सट्टा 'सर' राखेर सम्बोधन गर्न थाले । फेसबुकतिर मैले बाक्लैजसो मेरो मातृदल र मातृ गुटका मालिकहरूसँग खिचेको फोटो पोष्ट गरेपछि त उनैले मलाई नमस्कार गर्न थाले । भो अब ! यो नमस्कार व्यङ्ग्य छँदै थिएन । देख्नलाई अधोगामी एकथान यान्त्रिक नमस्कार भए पनि यो नमस्कार चानचुने नमस्कार थिएन । प्रतिनिधि नमस्कार थियो । पञ्चायतको अन्त्यपछि यही नमस्कारलाई मियो मानेर नेपालको सार्वजनिक प्रशासन घुम्ने गर्दछ । अलि धेरै बुझ्नेहरूले यसलाई कुशासनको कडी भन्लान् त्यो उहाँहरूको स्वतन्त्रताको कुरा भो ! यो नमस्कार उनको जागिर खाने कलाको एउटा अभिन्न अंग थियो । रङ्ग फेर्नमा सिपालु उनका थरीथरीका ढङ्गमध्येको एउटा ढङ्ग थियो । यिनले यसरी रङ्ग फेर्दै जाँदा धेरै रङ्गसँग साक्षात्कार गर्ने मौका पाइयो । उनले रङ्ग फेर्ने क्रममा नै उनको र मेरो दोस्ती जम्यो । कार्यालय प्रमुख हुनुको नाताले 'भाले'को शिकारको ठेक्का उनको थियो । मैले 'अफिस हाम्रो साझा हो: भाले आधा आधा हो' भनेर नारा लगाएपछि आधा आधा नै हुन्थ्यो । यसरी हाम्रो दोस्ती बर्करार थियो । सुरुका त्यस्ता मान्छे अहिले सोमत शिरोमणि भएका थिए । 'विषाणुदल' नै उनलाई सोमत सिकाउने गुरू रै'छ । भलै आफू पनि मेरो विपक्षी 'विषाणुदल'का सदस्य भने थिए तर उनी हाकिमगिरीमा ज्यादा सक्रिय । चुनाव आउँदा भने निकै सक्रिय हुन्थे । उनले मालदार अड्डाको अधिपति हुन र टिकिरहनलाई मात्र एउटा 'विषाणुदल' समातेका थिए । भोलि उनको तेस्रो बङ्गलाको घरपैंचो कार्यक्रममा जानु छ जुन घर मेरी श्रीमतीको नाममा छ । किनभने मेरो योग्यता र क्षमता देखेर उनले मलाई आफ्नो नाताभित्र पारिसकेका थिए । उनकी साख्यै सालीसँग मेरो बिहे गराइसकेका थिए । यसरी हामी दुईको मित्रता नातामा परिणत भएको थियो ।

*-अनलाइन खबर डटकम*

हास्यव्यङ्ग्य — विश्व विनोद

## सुकुटी जनताले ढुकुटी भरिदिने उपायहरु

यहाँ दुईवटा मोबाईल पनि बिदेशबाट ल्याउन पाईन्न तर नेपालको उन्नती प्रगती गर्नेहो भने धेरै कुरा र प्रसंगमा कर लगाएर राज्यको ढुकुटी बढाउन र जनतालाई सुकुटी बनाउन सकिन्छ । आखिर बलजृती लादिने भएको हुनाले कर लगाउने कुरा नै त हो नि हैन र ? यहाँको खर्चिलो राज्य व्यबस्था धान्नको लागि हामी जनताले मरिमेटी गरेर लुटको खेतीमा सघाई दिनु परेको हैन र ? तल केही कर लगाएर ढुकुटी भर्ने उपायका कुरा गरिएको छ ।

**भाषणमा कर**

यहाँ मानिसहरु माईक भेट्टाएपछि नानाथरी भाषण गर्ने र कसैको आलोचना गर्ने र आफ्नो पार्टीको बखान गर्न हरेक मानिस उद्धत भएको पाईन्छ । यदि प्रगतिशील कर भाषणमा लगाउने र जति मिनेट लामो भाषण हुन्छ सोही अनुसार कर लगाउने हो भने यहाँ तोकिएको समय भन्द बढि मानिसले भाषण गर्ने थिएनन् होला हैन ? यसले गर्दा राज्यले रकम कमाउँथ्यो भने जनता रमाउँथ्यो पनि । नेताको ओहदा हेरेर र पालिका, जिल्ला, प्रदेश र केन्द्रमा कुन तहमा भाषण गरेको हो सो अनुसार भाषणको न्युनतम रेट तोकेर भाषण गर्न लगाउने हो भने यहाँ मानिसले गरेका भाषणमै कर लगाएर राज्य पालिन सक्छ ।

**खादा र मालामा कर**

माला लगाउ, खादा लगाउ तर प्रति खादा या माला रु दुई हजार कर लगाउने हो भने तपाई सोच्नुस् त मानिसले खादा या माला कति लगाउँथे होलान् ? यहाँ हुँदै नभएको खादा संस्कृती र खादामा के लेखिएको छ भन्ने थाहा नभै खादा लगाएर मञ्चको अग्रभागमा देखिने अनि सामाजिक सञ्जालको भित्तामा फोटो लत्पत्याउने हाम्रा ठूलाबढाको कुरालाई अर्थोपार्जनमा ढाल्न सकिन्छ । यसको लागि खादा र मालामा पनि कर लगाईदिउँ त के गर्ने थिए होलान् यिनीहरुले ?

**आतिथ्यता बापतको कर**

एक कार्यक्रम थियो । प्रमुख अतिथी, बिशेष अतिथी आदिको बारेमा छलफल हुँदै थियो । तर एक जना नेता झनक्क रिसाए किनकी उनलाई प्रमुख अतिथी नबनाईने हो भने उनले घुर्की पनि लगाए । ए बाबा, यसरी घुर्की लाउने र मान सम्मान, पद र प्रतिष्ठा त ढुंगाको देवताले पनि खोज्दैनन् । अब तह हेरेर प्रमुख अतिथी, बिशिष्ट अतिथी, बिशेष अतिथी लगायत मञ्चमा बस्ने मानिसले निश्चित रकम आफैं तिरेर बस्ने व्यबस्था गर्ने र सो रकम राज्यको कोषमा जम्मा गर्ने हो भने हरेक पालिकामा यही रकमबाट नै देश बिकास गर्न पुग्छ ।

**टिकटकको टकटक्याउने कर र मोबाईलमा टाईम कार्ड अनि कर**

यहाँ आजकाल मानिसहरु टिकटकमा बसेर समय फाल्ने गरेका छन् । राज्यले एक मानिस कति समय ईन्टरनेटमा टिकटक हेर्छ सो अबधिलाई कर लगाएर पैसा उठाउने हो भने मध्यरात सम्म मानिसहरु लाईभ बसेर कमाएको रकमको पनि कर लाग्ने थियो र राज्यको ढुकुटी थपिने थियो हैन र ? यस्तै अरु सामाजिक सञ्जालमा पनि कर लगाउने हो भने राज्य आफैं धनि हुन्थ्यो होला हैन र ? माग्नेहरु आजकाल २ प्रकारका भएका छन् । कोही सडकमा बसेर कचौरा थापेर मागेका छन् भने कोही टिकटकमा लाईभ बसेर आधारातमा बसेर मागिरहेको पाईन्छ । टिकटकमा डलरमा दिईने पुरस्कारको यहाँ लेखा जोखा नै छैन । वास्तवमा बैदेशिक रोजगारीमा जाने कतिपयले टिकटकमा गिफ्ट किन्नको लागि पनि निकै ठूलो रकम खर्चेको पाईन्छ ।

**जन्ती कर**

राज्यले नै जन्ती जाने मानिसको संख्या तोकेको छ । तर राज्यको मापदण्ड नमानेर हजारौं जना मानिस जन्त जाने गरेको अनि भोज भतेरमा अनावश्यक खाएर राज्यको खाद्य सुरक्षामा चुनौती थपिरहेको बेला राज्यले हरेक बिवाहमा एक जना सरकारी कर्मचारी खटाउने र टाउको गनेर प्रति टाउकोको अनुपातमा कर उठाउने हो भने हाम्रो सरकारका नेताज्यूहरुलाई पाल्न यथेष्ट पैसा त्यतै बाट आउँदछ । छोटो छरितो बिहे नगर्ने, मानिसको संख्या बढाएर भड्किलो बिहे गर्ने चलन यस जन्ती करले कम गराउन मद्धत पुग्छ ।

**गहना कर**

मानिसले गहना शौखले लगाउँछ । त्यही गहना लगाएर सामाजिक हिसावले रवाफ बढाउँछ । जो सँग गहना छन्, उसलाई सामाजिक हिसाबले उच्च ढंगले हेर्ने र गहना नभएकोलाई तल्लो स्तरमा स्तरिकरण गर्ने चलन बिद्यमान रहिरहँदा गहनालाई चल अचल सम्पत्तिको रुपमा लिन सकिन्छ । जसरी मानिसको घर जग्गालाई बार्षिक रुपमा मालमा तिरो तिर्ने गर्ने गरिन्छ, त्यसरी नै मानिसको गहनाको मूल्य बार्षिक बढिरहने हुँदा गहनामा पनि कर लगाई दे सरकार । यसले मानिसले गहना लगाए पनि राज्यको ढुकुटीमा कर थपेर गहना लगाउँछन् भने गहना नभएकाले कर तिर्न नपर्ने हुन्छ ।

**कपडा कर**

हामीले एक पटक लगाएको कपडा अर्को पटक लगाउन छाडि नै सक्यौं, हरेक चाडवाड, उत्सव र बिहे, भोज भतेरमा नयाँ नयाँ कपडा लगाएर जाने र देखाउने चलन बढिसकेको पाईन्छ । तर यसबाट राज्यले केही नपाउने भयो । हाम्रो सबै भन्दा बढि खर्च हुनेमा कपडा पनि हो त्यसैले यसबाट राज्यलाई फाईदा दिन कपडा कर बार्षिक रुपमा एक मुष्ठ तिर्ने व्यबस्था होस् न अनि बल्ल मानिसले कपडा किनेर लगाए पनि गर्वका साथ कपडा लगाउँछन् भने मानिसले कपडा लगाउँदा पनि मितव्ययिता अपनाउन सक्छन् । अझ मानिसलाई कपडा लगाउन प्रतिव्यक्ति यति रकम भन्दा बार्षिक खर्च गर्न नपाईने भन्ने नियम लगाउने र त्यो तोकिएको मूल्य भन्दा बढि किन्नेलाई जरिवाना र सतप्रतिशत बढि कर लगाउने हो भने आजै बाट राज्यको करको दायरा बढेर राज्यको ढुकुटी मज्जाले बढ्ने थियो ।

**कुकुर कर**

जनताका छोरा छोरीले एकछाक भात खान नपाएको बेलामा केही शौखिन मानिसले कुकुरलाई पालेर आफ्ना ओछ्यानमा सुताउने समेत गरेको र ब्रोईलर कुखुराको मासु र ईलामको छुर्पी खुवाउने जस्ता भड्किलो व्यबहार गरेको हुँदा जुन मानिसले घरमा कुकुर पाल्छ नि कुकुर पाल्दा प्रति कुकुर बार्षिक रुपमा कर तिर्ने प्रणालीको बिकास गर्ने हो भने मानिसले लाखौं रुपैयाका कुकुरको कर सजिलै तिर्ने थिए भने यसको रकमले जनताका छोराछोरीलाई पनि पाल्न केही रकम जुटाउन सकिन्थ्यो कि कतै ?

**भोज भतेर कर**

हरेक संघ संस्था, समुह, सहकारी, बैंक आदि ईत्यादीले ठूला होटलमा गएर भोज भतेर गर्ने गरेको पाईन्छ । अनावश्यक रुपमा भोज गरेर राज्यको ढुकुटी बिदेश लैजान यस्ता कार्यले पनि सहयोग गरेको हुँदा जति पटक भोज भतेर हुन्छ, त्यहाँ भोजमा खर्च भएको रकमको पचास प्रतिशत रकम कर लाग्ने गरि भोज भतेर कर लगाई दिउँ त सरकार यहाँ कसले भड्किलो भोज भतेर गर्ने थियो होला र ? गुन्द्रुकको झोलको भोज लगाउन मानिस बाध्य हुन्थे होलान् ।

*-समकालीन साहित्य डटकम*

**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम नामसारी सम्बन्धी ३५(पैतिस) दिने हकदावी गर्न आउने सार्वजनिक सूचना**

पाल्पा जिल्ला साविक हुँगी -३ हाल रम्भा -१ बस्ने यादवराज रेग्मी, मुक्ति प्रसाद रेग्मी र डिला कुमारी रेग्मीले आफ्ना बाबु तथा ससुरा चिन्तामणी रेग्मीको मिति २०४९/१०/०७ मा मृत्यु भएको, निजको एकमात्र पत्नि तथा निवेदकहरुकी आमा तथा सासु विष्णुमाया रेग्मीको मिति २०६४/११/०५ मा मृत्यु भएको, मृतक चिन्तामणी रेग्मीका बाबु लिलाबल्लभ रेग्मीको मिति १९९९ माघ महिनामा मृत्यु भएको, निजको एकमात्र पत्नी मनिकर्णिका रेग्मीको समेत मिति २०९४ आश्विन मा मृत्यु भएको, निजहरुका कुनै छोरीको जायजन्म नभएको, छोराहरु दुई भाइ जेठो चिन्तामणी र कान्छा देवीभक्त रेग्मीको जायजन्म भएको, कान्छा छोरा देवीभक्त रेग्मीको मिति २००१/०३/१० मा मृत्यु भएको, देवीभक्तकी एकमात्र पत्नी निवेदककी काकी ललिता कुमारी रेग्मीको समेत मिति २०३५/०२/१२ मा मृत्यु भएको, निज मृतक दम्पति निसन्तान भएको, चिन्तामणी र विष्णुमाया दम्पतिका तिन भाई छोरा र तिन बहिनी छोरीहरुको जायजन्म भएकोमा छोरीहरु सबैको विवाह भैसकेको । तिन भाई छोराहरुमध्ये माइलो उदयराजको मिति २०५७/०९/०७मा मृत्यु भएको । जेठो यादवराज र कान्छो मुक्ति प्रसादजिवितै रहेको । उदयराज रेग्मीको दुई पत्नी भएको, जसमध्ये जेठी पत्नी सुमित्रा रेग्मीको समेत मिति २०२७/०४/१० मा मृत्यु भएको र निज तर्फ एकमात्र छोरी सुमित्रा (शान्ता) बस्याल भएकोमा निजको समेत विवाह भई गएको र आफ्नो हक लाग्ने माइती तर्फको कुनै सम्पतिमा दावी विरोध नगर्ने भनी मन्जुरी सनाखत समेत गरेको, उदयराजको कान्छी पत्नी डिला कुमारी रेग्मी जिवित रहेको। निवेदकका बाबु/ससुरा मृतक चिन्तामणी रेग्मीका नाममा साविक हुँगी गा.वि.स वडा नं.-३ मा कि नं. १३८,३७५,३९१, ३९४ का जग्गाहरु भएको, निवेदकहरुकी काकी/कान्छी सासु ललिता कुमारी रेग्मीका नाममा साविक हुँगी -३ मा कि.नं. ३७९ को जग्गा भएको, यादवराज रेग्मी, मुक्ति प्रसाद र उदयराज रेग्मीका संयुक्त नाममा साविक हुँगी -३को कि नं. ४२९ को जग्गा भएकोमा ज.ध हरुको मृत्यु पश्चात् उल्लेखित कि.नं. का जग्गाकोनजिकका हकदार हामी निवेदकहरु मात्र भएको तथा हाल सम्म हामी हकदारहरुले नै भोगचलन गर्दै आइरहेको हुँदा उक्त कि.नं.का जग्गा सम्बन्धित मृतक ज.ध हरुका नाममा श्रेस्ता कायम गरी पूर्जा समेत हराएको हुँदा उपलब्ध गराई हाम्रा नाममा संयुक्त नामसारी गरीपाउँ भनी निवेदनका साथमा प्लट रजिष्टर,तिरो रसिद, मुचुल्का, नाता प्रमाणित, मृत्यु प्रमाणित, मृत्युदर्ता, रम्भा गा.पा. वडा नं.-१ को च नं. १२५१, १४५९, १२५२ मिति क्रमश २०७९/१२/२४, २०८०/०१/०६, २०७९/१२/२४ को सिफारिस पत्र, गा.वि.स जग्गा लगत अभिलेख प्रतिलिपि, नागरिकता, ज.ध प्रमाण पुर्जा प्रतिलिपि आदि संलग्न राखी २०८०/०२/०८ मा यस कार्यालयमा निवेदन दिनुभएको ।

यसमा ज.ध चिन्तामणी रेग्मीले साविक हुँगी -३ कि.नं. १३८, ३७५, ३९१, ३९४ ललिता कुमारी रेग्मीले हुँगी -३ कि.नं.३७९ मृतक उदयराज रेग्मी, मुक्ति प्रसाद रेग्मी र यादवराज रेग्मीका संयुक्त नाममा रहेको कि.नं. ४२९ को जग्गाहरु अन्यत्र कोही कसैलाई विक्री वितरण तथा हकहस्तान्तरण गरेका छन् वा छैनन् ? हाल माथि उल्लेखित जग्गा कसको भोगचलनमा रहेका छन् ? निज मृतकहरुका नाममा कि.नं. ३७९ जग्गाको हकमा साविक ज.ध मृतक ललिता कुमारी रेग्मीका नाममा,कि. नं. १३८,१७५,३९१,३९४ का हकमा चिन्तामणी रेग्मीका नाममा र कि.नं. ४२९ को हकमा उदयराज रेग्मी, मुक्ति प्रसाद र यादवराज रेग्मीका संयुक्त नाममा श्रेस्ता कायम गर्न मिल्छ वा मिल्दैन ? मृतक चिन्तामणी रेग्मीका के कति पत्नी हुन् ? एकमात्र पत्नी विष्णुमाया रेग्मी भनिएको र निजको २०६४/११/०५ मा मृत्यु भएको भनिएकोमा सत्य हो वा होइन ? चिन्तामणीका बाबु आमाबाट के कति सन्तानको जायजन्म भएको हो? अविवाहित छोरी छन् वा छैनन् ? चिन्तामणीका दाजुभाइ दुई जना मात्र भनिएकोमा जेठो स्वयम् चिन्तामणी रेग्मी र कान्छो देवीभक्त रेग्मी भनिएको र देवीभक्तको एकमात्र पत्नी ललिता कुमारी रेग्मी भएको र निज दम्पती निसन्तान भनिएकोमा उल्लेखित व्यहोरा साँचो हो वा होइन? ललिताको नाममा भएको कि.नं. ३७९ को जग्गा निजको शेषपछिको हक खाने हकदारमा को-को छन् ? चिन्तामणी तथा देवीभक्त रेग्मीका बाबुको मृत्यु भएको हो वा होइन ? निज लिलाबल्लभको एकमात्र श्रीमती मनिकर्णिका रेग्मीको समेत मृत्यु भएको हो वा होइन ? निजहरुका अविवाहित छोरीहरु छन् वा छैनन् ? चिन्तामणीका तिन भाई छोरा मध्ये उदयराज रेग्मीको मृत्यु भएको र निजको दुई पत्नी सुमित्रा र डिला कुमारी भएकोमा जेठी पत्नी सुमित्राको मृत्यु भएको र कान्छी पत्नी डिला कुमारी रेग्मी जिवित भनिएको सत्य हो वा होइन ? उदयराज र निजका दाजुभाईको संयुक्त नाममा रहेको हुँगी-३ को कि.नं. ४२९ को जग्गा उदयराजको भागको हकखाने हकदार के कति छन् ? उदयराज र सुमित्रा तर्फ के कति सन्तानको जायजन्म भएको हो ? एकमात्र विवाहित छोरी सुमित्रा (शान्ता) बस्याल भनिएको हो वा होइन ? उदयराज र सुमित्रा कि छोरी सुमित्रा र शान्ता दुवै एउटै भनिएकोमा एउटै व्यक्ति हुन् वा होइनन् ? निवेदक बाहेक अन्य हकवाला छन् वा छैनन्? माथि उल्लेखित विभिन्न मृतक ज.ध हरुका नाममा रहेका जग्गाहरु तथा मृतक तथा निवेदकका संयुक्त नाममा रहेका जग्गा ज.ध हरुका नाममा श्रेस्ता कायम गरीदिन मिल्छ वा मिल्दैन ? माथि उल्लेखित कि.नं. का जग्गा उल्लेखित ज.ध का नाममा श्रेस्ता कायम गरीदिँदा अन्य कोही कसैलाई असर पर्छ वा पर्दैन ? उल्लेखित जग्गा निवेदकहरुका नाममा संयुक्त ना.सा गरीदिन मिल्छ वा मिल्दैन ? निवेदन माग बमोजिम नाममा ना.सा गरीदिँदा कोही कसैलाई असर पर्छ वा पर्दैन ? निवेदन मागदावी बमोजिम गर्न नमिल्ने भए वा अन्य कोही कसैलाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण सहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन वमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

इति सम्वत् २०८० साल जेठ महिना ११ गते ०५ रोज शुभम् ।

# जेभिटीका विद्यार्थीले बनाएका सामग्रीमा झुम्मिए दर्शक

**पाल्पा,** जेठ १२/तानसेनको तेस्रो सडकमा सञ्चालन भएको रोजगार मेलामा राखिएको जनता नमूना माध्यमिक विद्यालय (जेभिटी) को स्टलमा विद्यार्थी र दर्शकको आकर्षण देखिएको छ ।

जेभिटीमा प्राविधिकधारतर्फ अध्ययनरत सिभिल इन्जिनियरिङका विद्यार्थीले निर्माण गरेका विभिन्न किसिमका सामग्रीमा विद्यार्थी र दर्शकहरुको आकर्षकण देखिएको हो ।

अन्य स्टलको तुलनामा यहाँको स्टलमा विद्यार्थी र अन्य दर्शकहरु झुम्मिएका थिए । सिभिल



इन्जिनियरिङका विद्यार्थीले वाटर ट्रिटमेन्ट प्लान्ट, थ्रु आरच वृज, रेन वाटर हारभेष्टिङ्ग, ट्रस वृज जस्ता सामग्री निर्माण गरी प्रर्दशन गरेका थिए ।

# सुरक्षित भवन निर्माणका लागि समन्वय आवश्यक

**पाल्पा,** जेठ १२/सुरक्षित र बलियो घर, भवन निर्माणका लागि समन्वय आवश्यक रहेको एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । रामपुरमा भएको घर तथा भवन निर्माण सम्बन्धी अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुले पूर्वी पाल्पा मजदुर व्यवस्थापन समिति, रामपुरमा सञ्चालित ईन्जिनियरिङ कन्सल्टेन्सी र रामपुर नगरपालिकाबिच सुरक्षित र बलियो घर तथा भवन निर्माणमा समन्वयन हुनुपर्नेमा जोड दिएका हुन् ।

समन्वयको अभावमा बनिरहेका विभिन्न घर तथा भवन मापदण्ड अनुसार नबनेको र निर्माण सम्पन्न प्रमाण पत्र वितरण गर्न समस्या भएको सहभागीहरुले बताएका छन् । कार्यक्रममा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले कानुन र व्यवस्थाको पालना गर्दै विपद्बाट क्षति नहुने सुरक्षित संरचना निर्माण गर्नु पर्ने बताए । निर्माण व्यवसायी मजदुर, कन्सल्टेन्सी र रामपुर नरपालिकाका प्राविधिकबिच समन्वयको आवश्यकता रहेको उनले औंल्याए । नगर प्रमुख थापाले घर निर्माण गर्दा निर्माण व्यवसायी तथा मजदुर र कन्सल्टेन्सीले विशेष ध्यान दिनु पर्नेमा जोड दिए । सुरक्षित निर्माणका लागि सबैले आ-आफ्नो जिम्मेवारी बहन गरेर काम गर्नु पर्ने उनले बताए । थापाले हरेक घर भवन निर्माण गर्दा भवन आचारसंहिता अनुसार निर्माण गर्न निर्देशन समेत दिए ।



आचारसंहिताको पालना नगरी घर भवन निर्माण गरे कडाईका साथ कारवाही गन पनि उनले चेतावनी दिए । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानले सुरक्षित र मजबुत भौतिक संरचनाका लागि निर्माण व्यवसायीको प्रमुख भूमिका हुने बताए । साथै निर्माणको क्रममा नक्सा अनुसारको निर्माण कार्य भएको छ कि छैन ? भनेर निगरानी गर्ने काम ईन्जिनियरिङ कन्सल्टेन्सीको भएको बताए ।

यस्तै रामपुर नगरपालिका -५ का वडा अध्यक्ष तथा पूर्वाधार विकास समितिका संयोजक दुर्गाप्रसाद पाखेरेलले आचारसंहिता अनुसार घर निर्माण गर्नका लागि घरधनीलाई परामर्श दिन आवश्यक रहेको भन्दै नक्सा पास भए अनुसार घर निर्माण गर्न आग्रह गरे । कार्यक्रममा पूर्वी पाल्पा मजदुर व्यवस्थापन समितिका अध्यक्ष निलकण्ठ भण्डारीले नगर भित्र बनेका घर, भवनको नगरपालिकाले समयमै अनुगमन गर्नुपर्ने बताए । नगरपालिकाले आचारसंहिता अनुसार घर बनेको छ या छैन त्यसको अनुगमनलाई प्रभावकारी बनाए घरधनी पनि सचेत भएर आचारसंहिता अनुसार घर निर्माण गर्ने बताए । रानीमहल ईन्जिनियरिङ कन्सल्टेन्सीका सञ्चालक महेश कुँवरले नक्सा पास प्रक्रिया झन्झटिलो रहेकाले धेरैले अभिलेखिकरण गर्ने गरेको भन्दै सुरक्षित आवास निर्माणका लागि तीनै क्षेत्रको क्रियाशिलताको खाँचो रहेको बताए । रामपुर नगरपालिकाका ईन्जिनियर कृष्णबहादुर थापाले नक्सा अनुसारको घर निर्माण नगरेर अभिलेखिकरण लिनेको संख्या बढी रहेको भन्दै मजदुरहरु घरधनीसँग बढी घुलमिल हुने भएकाले आचारसंहिता, सुरक्षा लगायतका विषयमा बुझाउन जरुरी रहेको बताए । रामपुर नगरपालिकाका घर नक्सा शाखाका प्राविधिक शंकर कंडेलले निर्माण व्यवसायीबिच घर निर्माणको दर रेटमा एक रुपता नहुँदा पनि कमसल संरचना निर्माण भईरहेको बताए । योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# सरकारलाई गुल्मी काँग्रेसले...

...उनले भने 'डा.सांसद भण्डारीले जलन जस्तो चुनौतीपूर्ण समस्यामा विपन्नहरु बढी मारमा परेको विषयलाई खुलेर संसद्मा बोल्नुभएको छ, त्यसलाई सरकारले नीति, बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्छ भन्ने गुल्मी काँग्रेसको माग हो । त्यसलाई हामीले बैंठकबाटै निर्णय गराएका हौं ।'

पार्टी सभापति खिलध्वज पन्थीको अध्यक्षतामा बसेको बैंठकले काँग्रेस नेता डा.चन्द्र भण्डारीको आशिंक स्वास्थ्यलाभ पछिको पहिलो संसदमा व्यक्त भएका महत्वपूर्ण विचारहरुप्रति सम्मान व्यक्त गर्दै सरकारले भावि योजना र बजेटमा उहाँका विचारलाई समावेश गरोस् भन्ने प्रस्ताव बैंठकमा पेस गरेसँगै, एक स्वरमा प्रस्ताव पारित भएको पार्टीका अर्का सचिव जगदीश भट्टराईले जानकारी दिए । बैंठकमा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उप-सभापति भुवनप्रसाद श्रेष्ठ, सह-महामन्त्री विष्णु मुस्कान, प्रदेश सदस्यहरु शान्ता भण्डारी, माधव खरेल लगायतका नेताहरुले सांसद भण्डारीले छुट्टै जलन उपचारका लागि अस्पतालको व्यवस्था गर्नुपर्ने, जलनबाट पीडित नागरिकलाई क्यान्सर, किड्नी रोगका विरामीलाई जस्तै आर्थिक सहायता राज्यले उपलब्ध गराउनुपर्ने, ग्याँस र विजुली जस्ता विषयबस्तु विद्यालय तहकै पाठ्यक्रममा समावेश गर्नुपर्ने लगायतका कुरा उठान गरेकाले सरकारले ति विषयलाई मनन् गरी बजेट तथा कार्यक्रममै समावेश गर्नुपर्नेमा जोड दिए । पार्टी प्रवक्ता उदय थापाका अनुसार बैंठकमा ओम्नि, यति, बालुवाटार जग्गा प्रकरण, सुनकाण्ड, नक्कली भूटानी शरणार्थी प्रकरण जस्ता सबै अनियमिताहरुका घटनाको निष्पक्ष र स्वतन्त्र रुपमा छानवीन गरी दोषीलाई कारवाही गर्नुपर्ने माग समेत गरिएको थियो । शरणार्थी प्रकरणमा काँग्रेस केन्द्रको स्पष्ट धारणा सार्वजनिक हुनुपर्ने मागका विषयमा पनि छलफल भएको छ । बैंठकले जिल्ला कार्यसम्पादन समितिमा पाँच जना सदस्य थप गर्ने, संगठनलाई चुस्त दुरुस्त र गतिशिल बनाउन विधानले व्यवस्था गरेका ३० जना विभागीय संयोजक मनोनित गरी १५ दिनभित्र सबै विभागीय संयोजकले विभागलाई पूर्णता दिने, जनप्रतिनिधी र नेताहरुलाई जेठ महिना भित्रै प्रशिक्षण दिने समेत निर्णय गरेको प्रशिक्षण विभागका प्रमुख अनन्तराज पौडेलले बताए । बैंठकले नेपाली काँग्रेस मुसिकोट १ निवासी काँग्रेसका पूर्ववडा सभापति हरिबहादुर थापाको दुःखद निधन भएकोमा शोक प्रस्ताव पारित समेत गरेको छ ।

## खेलकुद समाचार

# भारत फाइनलमा



**काठमाडौं,** जेठ १२/ उज्वेकिस्तानलाई ३-० को सोझो सेटमा पराजित गरी भारत काभा वुमन्स च्यालेन्ज कप भलिबलको फाइनलमा पुगेको छ । भारत काठमाडौंमा जारी काभा वुमन्स च्यालेन्ज कप भलिबलको फाइनलमा पुगेको हो ।

त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा शुक्रबार भएको पहिलो सेमिफाइनलमा उज्वेकिस्तानलाई भारतमाथि दवाव राख्न सकेन । पहिलो सेट २५-१७ ले जित्दा भारतले कुनै पनि समय अप्ठेरो महशुस गर्नुपरेन । १-१ को बराबरीपछि लगातार अग्रता बनाएको भारतले अन्तिमसम्म त्यसलाई कायम राखेको थियो । दोस्रो सेटमा भने भारतीय टोली केहि आत्मविश्वासी बन्नुको फाइदा उज्वेकिस्तानले सुरुमै उठायो । भारतीय खेलाडीको कमजोर डिफेन्सको फाइदा उठाउँदै उज्वेकिस्तानले सुरुमै १०-६ को अग्रता बनाउन सफल रह्यो । तर, अनुभवले खारिएको भारतीय टिमले शानदार पुनरागमन गरी सेट १५-१५ को अवस्थामा ल्याउन सक्यो । त्यसपछि अग्रता बनाएको भारतले सेट २५-२० ले जितेको हो ।

अघिल्ला दुई सेटको तुलनामा भारतलाई निर्णायक तेस्रो सेट जित्न झनै सहज भयो । सेटमा सम्पूर्ण समय उज्वेकिस्तानलाई दवावमा राखेको उसले २५-१५ ले जितेर फाइनलमा स्थान बनायो । भारतले उपाधिका लागि नेपाल र काजाकस्तान बीच खेलको विजेतासँग १४ जेठमा प्रतिस्पर्धा गर्नेछ । नेपाल र काजाकस्तानबीचको दोस्रो सेमिफाइनल पाँच बजेदेखि सुरु हुनेछ । नेपाल समूह ए को उपविजेता र भारत विजेताका रुपमा सेमिफाइनल पुगेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# भन्सार प्रशासनलाई चुस्त बनाउन चेम्बरको माग

**काठमाडौं,** जेठ १२/नेपाल चेम्बर अफ कमर्सले भन्सार प्रशासनलाई चुस्त एवं करको दायरा फराकिलो बनाउन आग्रह गरेको छ । भन्सार कर तथा राजस्व सम्बन्धमा आयोजना गरिएको अन्तरक्रियामा उद्योगी-व्यवसायीले निर्यात सहजीकरण एवं करको दायरा बढाउन सरकारसँग माग गरेका छन् ।


चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले राजस्व घटिरहेको सन्दर्भमा कर प्रशासनलाई चुस्त बनाउनुपर्नेमा जोड दिए । उनले भन्सार प्रयोजनका लागि सन्दर्भ मूल्यलाई खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनुपर्नेमा जोड दिए । अध्यक्ष मल्लले भने, 'विश्व व्यापार संगठनबाट निर्धारित मूल्याङ्कन पद्धतिमा रहेर भन्सार प्रयोजनका लागि सन्दर्भ मूल्यलाई खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनुपर्दछ ।' भन्सार नाकामा अन्तर्राष्ट्रियस्तरको क्वारेन्टिन प्रयोगशालाको उचित व्यवस्थापन गरेर आयात निर्यातलाई प्रभावकारी बनाउनसमेत अध्यक्ष मल्लले आग्रह गरे । भन्सार कार्यालयका कारणले हुने ढिलाइमा डेमरेज, डिटेन्सन तिर्नुपर्ने अवस्थाको निराकरण हुनुपर्ने उनको भनाइ छ । अध्यक्ष मल्लले सीमामा हुने अवैध व्यापारलाई निरुत्साहित गरी कर तथा राजस्वको दायरामा ल्याउनुपर्नेमा समेत जोड दिए । सोका लागि बिल लिने/दिने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गर्नसमेत उनले सरकारको ध्यानाकर्षण गराए । करको दर वृद्धि गरिनुभन्दा दायरा बढाइनुपर्ने भन्दै अध्यक्ष मल्लले यसका लागि नागरिकता वितरण गर्दासँगै पान कार्ड पनि दिलाउनुपर्ने बताए । अन्तर्क्रियामा सहभागी अधिकांश उद्योगी व्यवसायीले सरकारले दिने निर्यात अनुदानलाई लक्षित वर्गमा पुऱ्याउनुपर्नेमा जोड दिएका थिए । कर राजस्वका सम्बन्धमा स्थानीय तहले आफूखुसी कर निर्धारण गर्दा पनि उद्योग व्यवसाय चलाउन समस्या भएको उनीहरुको गुनासो थियो । सीमा नाकामा हुने चोरी निकासीले राजस्व संकलनको लक्ष्यमा गम्भीर असर परेको अधिकांश व्यवसायीको भनाइ छ । कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन कृषि कार्यमा प्रयोग हुने यन्त्र, उपकरण र आधारभूत प्रयोगका वस्तुमा आगामी बजेटमा भन्सार तथा कृषि सुधार शुल्कमा पूर्णतः छुट हुनुपर्नेसमेत व्यवसायीले माग गरेका छन् । चेम्बर अफ कमर्सको कर राजस्व तथा भन्सार समितिका सभापति परशुराम दाहालले कर राजस्वमा देखापरेका समस्याबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

# प्रेस युनियन पाल्पाले आज स्थापना दिवस मनाउँदै


**पाल्पा,** जेठ १२/नेपाल प्रेस युनियन पाल्पा शाखाले आज ३२ औं स्थापना दिवस मनाउन लागेको छ । युनियनले शनिबार तानसेनमा रहेको निलसागर आश्रमका वृद्धवृद्धाहरुलाई एक छाक भोजनदान गरी स्थापना दिवस मनाउन लागेको हो ।

बेसहारा भई आश्रममा पुगेका आमाबुवाहरुलाई एक छाक भए पनि खाना खुवाएर उनीहरु प्रति सम्मान र आदर प्रकट गर्न युनियनको स्थापना दिवस आश्रममा मनाउन लागिएको युनियनका जिल्ला अध्यक्ष मन गहिरेले बताइन् । उनले भनिन् 'हामीले हरेक वर्ष केही न केही रचनात्मक कामहरु गर्दै स्थापना दिवस मनाउँदै आइएका छौं, गत वर्ष पनि आश्रममै पुगेर स्थापना दिवस मनाएका थियौं, यस पटक पनि हामी त्यही जाने निर्णय गरेका हौं ।' श्रमिक, असहाय, अशक्त र वृद्धवृद्धाहरुको पक्षमा सधै युनियनका पत्रकारले कलम चलाउँदै आएको अध्यक्ष गहिरेले बताइन् । उनले भनिन् 'जहिले पनि यि वर्गका व्यक्तिहरु पत्रकारको प्राथमिकतामा पर्ने भएकाले पनि युनियनको स्थापना दिवस उहाँहरुसँगै बसेर मनाउने गरेका हौं ।' श्रमजीवी पत्रकारहरुको हकहित सरक्षणका गर्न लोकतन्त्रवादी पत्रकारको छाता संस्थाको रुपमा नेपाल प्रेस युनियनको स्थापना २०४८ जेठ १३ गते भएको हो । युनियनले पत्रकारको ट्रेड युनियन अधिकार, प्रेस स्वतन्त्रता, श्रमजिबी पत्रकारको अधिकार, पत्रकारको क्षमता विकास लगायतका क्षेत्रमा काम गर्दै आएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई